Provincial Government

# GANDAKI PROVINCE ACADEMY OF SCIENCE AND TECHNOLOGY

Pokhara

GPAST

## CALL FOR
## GANDAKI PROVINCE MASTER'S THESIS GRANT & GANDAKI PROVINCE RESEARCH FELLOWSHIP

## Thematic Areas

- Biotechnology, Pharmaceuticals and Nutraceuticals
- IT and Artificial Intelligence
- Environment, Conservation and Climate Change
- Health and Life Sciences
- Natural Sciences, Mathematics and Engineering
- Sustainable Agriculture, Tourism and Energy

**Number of Grants:**
Thesis Grant - 10 (Ten)
Fellowship – 4 (Four)

**Grant Amount:**
Rs. 50,000/- For each Thesis
Rs. 1,00,000/- For Each Research Fellowship

## How to Apply

1. Prepare a single PDF in the following order:
   - Application (As per the format provided by the academy)
   - Cover Letter
   - CV (Maximum 3 pages)
   - Transcripts and Certificates of Educational Qualifications
   - Citizenship
   - Documents of Permanent Residence (for individual researchers)
   - Recommendation from Educational Institute / Research Institution (Not applicable for individual researchers)
   - Supervisor Recommendation
2. Proposal (Single PDF)
   As per the format provided by the academy

**Deadline:**
27 Poush, 2078

**For Details:**
https://mosd.gandaki.gov.np
**Or contact at:**
info.gpast@gandaki.gov.np

## Eligibility

**For Thesis Grant:**

- Master's Degree (regular) students with thesis as the requirement for fulfillment of their degree from institutions within Gandaki province

**For Research Fellowship:**

- Researchers (individuals/institutions) from Gandaki Province
- Individuals with at least masters in the field of the thematic areas and Institutions with team leader having at least master's degree, preferably PhD

# शोधवृत्ति तथा अनुसन्धान अनुदान मापदण्ड, २०७८

**गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान**

**पोखरा**

**प्रस्तावना**ः गण्डकी प्रदेश भित्र विज्ञान विषयमा शोध तथा अनुसन्धान गरिरहेका अनुसन्धानकर्ता व्यक्ति, विद्यार्थी तथा संस्थालाई प्रतिष्ठानले सहयोग गर्ने प्रक्रियालाई वैज्ञानिक, वस्तुनिष्ठ, मितव्ययी र प्रभावकारी तुल्याउन वाञ्छनीय भएकोले गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानले देहायको मापदण्ड बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस मापदण्डको नाम "शोधवृत्ति तथा अनुसन्धान अनुदान मापदण्ड, २०७८" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "अध्ययन संस्थान" भन्नाले मान्यता प्राप्त विश्वविद्यालय, क्याम्पस वा अध्ययन संस्थानलाई सम्झनु पर्छ।

(ख) "अनुसन्धान अनुदान" भन्नाले अनुसन्धानकर्तालाई प्रदान गरिने अनुदान सम्झनु पर्छ।

(ग) "प्राविधिक समिति" भन्नाले दफा ५ बमोजिम गठित प्राविधिक समिति सम्झनु पर्छ।

(घ) "प्रतिष्ठान" भन्नाले गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान सम्झनु पर्छ।

(ङ) "विद्यार्थी" भन्नाले अध्ययन संस्थानमा स्नातक/स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(छ) "शोधवृत्ति" भन्नाले विद्यार्थीलाई थेसिस लेखनका लागि प्रदान गरिने वृत्ति सम्झनु पर्छ।

**३. सहयोग गर्ने क्षेत्रहरुः** प्रतिष्ठानले गण्डकी प्रदेशमा रहेका देहायका क्षेत्रमा शोध तथा अनुसन्धान गर्ने अध्ययन संस्थानहरुका विद्यार्थी तथा अनुसन्धानकर्ताहरुलाई सहयोग उपलब्ध गराउनेछ।

(क) Biotechnology, Pharmaceuticals and Nutraceuticals

(ख) IT and Artificial Intelligences

(ग) Environment, Conservation and Climate Change

(घ) Health and Life Sciences

(ङ) Natural Sciences, Mathematics and Engineering

(च) Sustainable Agriculture, Tourism and Energy

**४. सहयोग गर्ने रकम र विद्यार्थी तथा अनुसन्धानकर्ता संख्या:** (१) शोधवृत्तिका लागि प्रति व्यक्ति/संस्थालाई पचास हजार रुपैंया उपलब्ध गराइनेछ। अनुसन्धान अनुदान प्रति व्यक्ति/संस्थालाई बढीमा १ लाख सम्म उपलब्ध गराउन सकिनेछ।

(२) प्रतिष्ठानले यस कार्यक्रमका लागि विनियोजित बजेट, उपदफा (१) बमोजिमको सहयोग रकमको आधारमा सहयोग उपलब्ध गराउने विद्यार्थी तथा अनुसन्धानकर्ताको तह र संख्या निर्धारण गर्नेछ।

**५. प्राविधिक समिति**: (१) शोधवृत्ति तथा अनुसन्धान अनुदान उपलब्ध गराउने कार्यप्रक्रियालाई व्यवस्थित गर्नका लागि प्रतिष्ठानले देहाय बमोजिमको प्राविधिक समिति गठन गर्नेछ।

| | |
|---|---|
| अनुसन्धान व्यवस्थापक | संयोजक |
| मन्त्रालयको विज्ञान क्षेत्र हेर्ने शाखाको अधिकृत प्रतिनिधि | सदस्य |
| प्रतिष्ठानले तोकेको गण्डकी प्रदेश भित्रका अध्ययन संस्थानबाट विज्ञ प्रतिनिधि ३ जना | सदस्य |

(२) उपदफा (१) बमोजिम गठित प्राविधिक समितिमा आवश्यकता अनुसार अन्य सदस्यहरुलाई आमन्त्रित गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम गठित समितिको देहायको कार्यविवरण हुनेछ;

(क) शोधवृत्ति र अनुसन्धान प्रस्ताव (Proposal) को मुल्याङ्कन गर्ने।

(ख) स्वीकृत अध्ययन तथा अनुसन्धानको प्रस्तावकर्ता र प्रतिष्ठानबीच दुई पक्षिय सम्झौताका लागि सिफारीश गर्ने।

(ग) शोधवृत्ति र अनुसन्धान प्रस्तावको प्रस्तुति गराइ पृष्ठपोषण दिने तथा पुनरावलोकन गर्ने।

(घ) अन्तिम प्रतिवेदन ग्रहण गरी भूक्तानीका लागि सिफारिस गर्ने।

**६. प्रस्ताव मूल्याङ्कनका आधारहरुः**

शोधवृत्ति र अनुसन्धान प्रस्ताव मूल्याङ्कनका आधारहरु देहाय बमोजिम हुनेछन्।

| **क्रं. सं.** | **आधार** | **अङ्क** |
|---|---|---|
| १ | Background & Rationale of Study | १५ |
| २ | Objectives | १० |
| ३ | Theoretical / Research Framework | १५ |
| ४ | Methodology | २० |
| ५ | Technical Writing | १० |
| ६ | Literature Review& Citation | १० |

| | | |
|---|---|---|
| ७ | External Collaboration | ५ |
| ८ | Timeline | १० |
| ९ | Budgeting | ५ |
| | **जम्मा** | **१००** |

**७. सूचना प्रकाशनः** (१) शोधवृत्ति र अनुसन्धान अनुदान प्राप्त गर्न योग्य विद्यार्थी तथा अनुसन्धानकर्ताबाट प्रस्ताव आह्वान गरी तीस (३०) दिनको सूचना राष्ट्रिय दैनिक पत्रिका र प्रतिष्ठान वा मन्त्रालयको वेवसाइट तथा सूचना पाटीमा प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा दफा ६ बमोजिमका प्रस्ताव मूल्याङ्कनका आधारहरु तथा दफा ४ बमोजिमको सहयोग गर्ने रकम र विद्यार्थी तथा अनुसन्धानकर्ता संख्याको विवरण समावेश गरिनेछ।

(३) दफा ८ उपदफा (१) बमोजिम पेश भएका प्रस्ताव संख्या पर्याप्त नभएमा पेश भएका प्रस्ताव कायम राखी पुनः प्रस्ताव माग गरी ७ दिने सूचना प्रकाशन गर्न सकिनेछ।

**८. प्रस्ताव पेश गर्नु पर्नेः** (१) दफा ७ उपदफा (१) को सूचना बमोजिम शोधवृत्ति तयार गर्ने इच्छुक विद्यार्थी तथा अनुसन्धानकर्ताहरुले सूचनामा तोकिएको अवधिभित्र अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा देहायका विवरण संलग्न गर्नुपर्नेछ। यी सम्पूर्ण विवरणहरु नसमेटीएको प्रस्ताव मूल्याङ्कन गरिने छैन।

(क) Cover Letter

(ख) व्यक्तिगत विवरण (Resume)

(ग) हालसम्मको शैक्षिक प्रमाणपत्र (लब्धांक पत्रसहित)

(घ) अध्ययन तथा अनुसन्धान संस्थाको सिफारिस पत्र

(ङ) सुपरीवेक्षकको सिफारिस पत्र

(३) उपदफा (१) र (२) बमोजिमको विवरण तोकिएको ईमेल मार्फत पनि पेश गर्न सकिनेछ।

**९. प्रस्ताव मूल्याङ्कनः** (१) दफा ८ बमोजिम पेश भएका प्रस्तावहरु प्राविधिक समितिले दफा ६ बमोजिमका प्रस्ताव मूल्याङ्कनका आधारहरुको आधारमा मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी प्राविधिक समितिले अधिकतम अङ्क प्राप्त गर्ने दफा ४ बमोजिमको संख्यामा वैकल्पिक विद्यार्थी तथा अनुसन्धानकर्ताहरुको समेत सूची प्रतिष्ठान समक्ष पेश गर्नेछ।

**१०. सूची प्रकाशन गर्ने**: (१) दफा ९ उपदफा (२) बमोजिम पेश भएको सूची बमोजिमका विद्यार्थी तथा अनुसन्धानकर्ताहरुलाई सहयोगका लागि छनौट गर्ने निर्णय गरी उक्त सूची प्रतिष्ठानले वेवसाइट वा सूचना पाटीमा प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएका विद्यार्थी तथा अनुसन्धानकर्तालाई सम्पर्क राख्ने मिति, समय र स्थान तोकी सम्झौताका लागि सूचना दिइनेछ।

**११. सम्झौता गर्ने**: (१) दफा १० बमोजिम छनौट भएका विद्यार्थी/अनुसन्धान संस्था तथा अनुसन्धानकर्तासँग प्रतिष्ठानले समयावधी तोकी अनुसची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

(२) तोकिएको मितिभत्र सम्झौता गर्न नआएमा  वैकल्पिक उम्मेदवारसँग सम्झौता गर्न सक्नेछ।

**१२. शोधवृत्ति पेश गर्ने**: (१) दफा ११ बमोजिम सम्झौता गरिएका विद्यार्थी तथा अनुसन्धानकर्ताहरुले आफ्नो शोधपत्र तयार भएपछि अध्ययन संस्थानको सिफारिस सहित शोधवृत्ति प्रतिवेदन (Hard Copy र Soft Copy) प्रतिष्ठान समक्ष पेश गर्नुपर्नेछ।

(२)उपदफा (१) बमोजिम पेश भएका शोधपत्रको प्रस्तुतीकरणको व्यवस्थापन विद्यार्थी र सम्बन्धित अध्ययन संस्थानले गर्नुपर्नेछ।

**१३. रकम निकासा**: (१) विद्यार्थी तथा अनुसन्धानकर्ताहरुलाई रकम निकासा दुई किस्तामा गरिनेछ।

(२) दफा ११ बमोजिम सम्झौता भएपछि जम्मा रकमको ३० प्रतिशत रकम पेश्कीको रूपमा दिइनेछ।

(३) दफा १२ बमोजिम शोध पत्र तथा अनुसन्धान प्रतिवेदन पेश तथा प्रस्तुतीकरण गरेपछि बाँकी रकम भुक्तानी गरिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम रकम हस्तान्तरण गर्दा नियमानुसार करकट्टी गरिनेछ।

**१४. बाधा अड्काउ फुकाउने अधिकार**: यो मापदण्ड कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा प्रतिष्ठानले फुकाउन सक्नेछ।

**१५. संशोधन**: प्रतिष्ठानले यस मापदण्डमा आवश्यक संशोधन गर्न सक्नेछ।

**१६.** यस मापदण्डमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ।

अनसूची-१

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**शोध वा अनुसन्धान प्रस्तावको ढाँचा**

1. Introduction
    1.1 Background
    1.2 Rationale of the Study
    1.3 Literature Review
    1.4 Objectives of the Study
    1.5 Scope and Limitations of the Study
    1.6 Theoretical Framework

2. Methods and Materials
    2.1 Study Area
    2.2 Data Collection
    2.3 Data Analysis

3. Expected Outcomes

4. Timeline of the Study

5. Proposed Budget

6. References
    American Psychological Association (APA) 6th format

7. Annexes
    Data collection format, Questionnaires, Checklists, Standard operating procedures, etc.

8. External Collaboration
    Mention the role and responsibilities of each collaborating partners.

Font: Times New Roman, 12 single spaced

Word: Up to 2000 words excluding References, Annexes

अनसूची-२

(दफा ११ सँग सम्बन्धित)

**<u>सम्झौताको ढाँचा</u>**

प्रदेश सरकार

गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान

गण्डकी प्रदेश, पोखरा

**१. विद्यार्थी तथा अनुसन्धानकर्ताको विवरण**

(क) विद्यार्थी तथा अनुसन्धानकर्ताको नामः

(ख) ठेगानाः

(ग) अध्ययन संस्थानको नामः

(घ) अध्ययनरत तहः

**२. शोधपत्रको विवरण**

(क) शोधपत्रको शीर्षकः

(ख) प्रतिष्ठानले उपलब्ध गराउने सहयोग रुः

**३. शर्तहरु**

(क) शोध तथा अनुसन्धान प्रतिवेदन जेष्ठ मसान्तभित्र प्रतिष्ठानमा पेश गर्नुपर्नेछ ।

(ख) शोधपत्रमा उल्लेख भएको अनुसन्धानको विधी अनुसार अनुसन्धान गर्नुपर्नेछ ।

(ग) सहयोग रकम दुई किस्तामा उपलब्ध गराइनेछ । सम्झौता भएपछि पेश्कीको रुपमा ३० प्रतिशत र बाँकी ७० प्रतिशत रकम शोधपत्र पेश भएपछि भुक्तानी गरिनेछ ।

(घ) प्रस्तुतीकरण प्रतिष्ठानका प्रतिनिधिको उपस्थितिमा हुनुपर्नेछ ।

(ङ) सहयोग रकममा लाग्ने नियमानुसारको करकट्टी गरिनेछ ।

(च) सुपरीवेक्षकको सिफारिस भएपछि मात्र भुक्तानी गरिनेछ ।

(छ) यसमा उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर छौं ।

**सहयोग प्राप्त गर्ने विद्यार्थी तथा अनुसन्धानकर्ता**

दस्तखतः

नाम थरः

तहः

सम्पर्क नं.

इमेलः

**साक्षी रोहवर**

दस्तखतः

नाम थरः

पदः

मितिः

**प्रतिष्ठानको तर्फबाट**

दस्तखतः

नाम थरः

पदः

मितिः

**अध्ययन संस्थानको तर्फबाट**

दस्तखतः

नाम थरः

पदः

मितिः

छापः

**Proposal Format For Thesis Grant and Research Fellowship.**

1. Introduction
   1.1 Background
   1.2 Rationale of the Study
   1.3 Literature Review
   1.4 Objectives of the Study
   1.5 Scope and Limitations of the Study
   1.6 Theoretical Framework

2. Methods and Materials
   2.1 Study Area
   2.2 Data Collection
   2.3 Data Analysis

3. Expected Outputs

4. Timeline of the Study

5. Proposed Budget

6. References
   American Psychological Association (APA) 6th format

7. Annexes
   Data collection format, Questionnaires, Checklists. Standard Operating Procedures etc.

8. External Collaboration
   (Mention the roles and responsibilities of each collaborating partner)

Font: Times New Roman, 12 single-spaced
Word: Up to 2000 words excluding Abstract, Table of Contents, References and Annexes.

# Application Form

**Name:**

**Permanent Address:**

**Phone:**

**Email.:**

**Apply for (Thesis Grant or Research Fellowship) :**

**Institute/Institution:**

**Education:**

**Thematic Area:**

**Thesis/Research Title:**

**Abstract (not more than 300 words):**

| |
|---|
| |

**Disclaimer:**

| |
|---|
| *I hereby declare that the content of this research proposal is a result of my own work and that no part of it is a reproduction of any published work submitted to this institution or to any other tertiary institution for the award of a grant unless stated.* |

…………………………… ……………………..

**Supervisor** **Researcher**